# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, कार्तिक १० गते २०२१ साल

### लोकसेवा आयोगको

### सूचना

यस आयोगबाट नन्‌गजेटेड प्रथम श्रेणी पदमा बढुवाको लागि लिइने लिखित परीक्षाको लागि देहायबमोजिम पाठ्यक्रम तोक्ने आयोगबाट मिति ०२०।३।९ मा निर्णय भएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

१. बढुवाको निमित्त निम्नलिखित नियम राखिएको छः–

(क) नन्‌गजेटेड प्रथम श्रेणीमा बढुवा हुन बढुवाको काम मन्त्रालय, विभाग र विभाग अन्तर्गत स्थानीय अथवा जिल्लाको सम्बन्धित अड्डाका शाखाहरूको एक तह मुनि अर्थात् नन्‌गजेटेड द्वितीय श्रेणी कर्मचारीमा सब सम्भाव्य उम्मेदवारको रूपमा विचार गरिने छ,

(ख) सम्भाव्य उम्मेदवार हुन एक तह मुनिका अर्थात् सम्बन्धित सेवाका नन्‌गजेटेड द्वितीय श्रेणीको पदमा कमसेकम २ वर्ष अटूट नोकरी बिताएको हुनु पर्छ,

(ग) सो बढुवाको निमित्त छुट्याएको पद पूर्तिको निमित्त साधारणतः सालको १ पटक लिखित परीक्षा लिइने छ;

(घ) लिखित परीक्षाको निमित्त उम्मेदवार हुनेले रू. १०।– परीक्षा दस्तूर बुझाउनु पर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) सो परीक्षाको स्तर साधारणतः विश्वविद्यालयको इन्टरमिडियट परीक्षासरह हुनेछ ।

टिप्पणीः– हाललाई सो परीक्षा आयोगद्वारा निर्धारित हुने केन्द्रहरूमा नम्न-लिखित नन्‌गजेटेड सेवाको मात्र हुनेछः–

१. नेपाल प्रशासन सेवा ।
२. नेपाल राजस्व सेवा ।
३. नेपाल न्याय सेवा ।

उक्त लिखित परीक्षाको निमित्त अर्को व्यवस्था नभएसम्म देहायका विषयहरू निर्धारित गरिएका छन्:–

**विषय**

| अनिवार्य | पूर्णाङ्क |
|---|---|
| १. निबन्ध – – – – | १०० |
| २. नेपालको इतिहास र भूगोल – – – | १०० |
| ३. साधारण ज्ञान – – – | १०० |
| ४ ऐन स्रेस्ता – – – | १०० |

इच्छाधीन विषय निम्नलिखित विषयहरू मध्यें कुनै २ दुई विषय लिनु पर्छः–

| | |
|---|---|
| ५. वर्तमान संसार – – – – – | १०० |
| ६. ऐन श्रेस्ता – – – – – | १०० |
| ७. विभागीय काम – – – – – | १०० |
| ८. गणित वा अंक गणित – – – – – | १०० |
| ९. अंग्रेजी – – – – – | १०० |
| १०. संस्कृत – – – – – | १०० |

अनिवार्य तथा इच्छाधीन विषय सबैको पूर्णाङ्क १०० को, १ पत्र हुनेछ । समय २।। घण्टा राखिएको छ ।

**अनिवार्य**

१. निवन्ध १००

निवन्धको निमित्त प्रशासन, विज्ञान, संस्कृति, अर्थ, इत्यादि विभिन्न क्षेत्रमा कमसे-कम ५ विषय दिइनेछ जसमध्ये एउटा निवन्ध लेख्नु पर्छ र प्रश्नमा निवन्ध लेख्ने तरीका-सम्बन्धी प्रश्न पनि समावेश हुन सक्ने छ ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. नेपालको भूगोल र इतिहास

(क) नेपालको इतिहास श्री ५ सुरेन्द्र वीर विक्रम शाहदेखि हालसम्मको नेपालको प्रशासनसम्बन्धी विशेष संकेतसहित साधारण इतिहास – – ५०

(ख) नेपालको भूगोल – – – – – ५०

भौगोलिक स्थिति, प्राकृतिक बनोट, हावा, पानी, पटनी, विद्युत्शक्ति, जनसंख्या व्यवसाय, वाणिज्य व्यापारको आयात, निर्यात, यातायात ( पूर्व पश्चिम राजमार्गमा विशेष संकेत-सहित ) उद्योग धन्दा, जिल्ला र अञ्चलहरू ।

३. साधारण ज्ञान १००

अर्थशास्त्र तथा नागरिकशास्त्रसम्बन्धित शब्द तथा वाक्यांशहरूको अर्थ विज्ञान, विभिन्न धर्म तथा सभ्यता, संस्कृति र कला, संयुक्त राष्ट्रसंघ, संसारका मुलुकहरू प्रतिष्ठित व्यक्तिहरू, वर्तमान घटनाहरू नेपालको त्रिवर्षीय योजना, पञ्चायती व्यवस्था तथा अन्य विषयहरू, संसारको भौगोलिक स्थिति तथा ऐतिहासिक घटनाहरू र अन्य विषय साधारण ज्ञान ।

टिप्पणीः– विषय साधारण ज्ञानहुनाले प्रश्नमा विषय उक्त विशेष ज्ञानको आवश्यकता देखाइने छैन ।

४. ऐन स्रेस्ता

(क) ऐन कानून ६०

नयां मुलुकी ऐनको भाग ३ को, कागज जांचको सबै महल, र जमानी गर्नेको सबै महल भाग ४ को कीर्ते कागजको सबै महल निजामती सेवा ऐन र नियमावली २०१३ र संशोधनसहित । नेपालको संविधानको भाग १,४,५,७,१०,११,१२,१३।

(ख) स्रेस्ता ४०

श्री ५ को प्रशस्ति, हाजिर, धन, फेल जमानी, पञ्जिकाका, रिपोर्ट भौचर, ५ नं. खाता तथा बैक खाता, पेश्की खर्च (पछि फर्छिने खर्च) साबक, टिप्पणी र आदेश, स्याहा, ४ नं. खाता, त्रैमासिक बजेट चेक ।

इच्छाधीन

५. वर्तमान संसार १००

द्वितीय विश्वयुद्ध र त्यस पछिको संसारको साधारण इतिहास (नेपालको बाहेक) ।

६. ऐन स्रेस्ता

(क) ऐन कानूनः– मधेशगोस्वारा ऐन २०१२ र संशोधनसहित वा सर्वोच्च अदालत ऐन र नियमावली वा २०१५ देखिको आर्थिक ऐन – – – – ५०

(ख) स्रेस्ता ५०

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

ढपोट, आवार्ज्ये, फैसला, पट्टा, कबूलियत, र श्री ५ को सरकारद्वारा लागू गरिएका विभिन्न सचिवालय कार्यविधिहरू।

**७. विभागीय काम** १००

यसमा उम्मेदवारले काम गरेको विभागका विषयमा ६० नम्बरको प्रश्न दिइने छ। अरू बाँकी विभिन्न विभागमा काम गर्दा अपनाइने सिद्धान्त, नियम, कार्यविधि र साथसाथै विभागको संगठन, बन्दोवस्त, सुधारको आवश्यकता र त्यसका लागि तरीका, उपाय, आदिको प्रश्न हुनेछ।

यसमा 'विभाग' भन्नाले सम्बन्धी मन्त्रालय, विभाग र अन्तर्गतका शाखा तथा अड्डाहरू समेत जनाउँछ। तसर्थ विभाग र त्यससम्बन्धित सबैक्षेत्रमा विस्तृत ज्ञान हुनु आवश्यक छ।

**८, गणित वा अंकगणित**

गणित

(क) विज गणित (अलजेब्रा) - - - - - - - - - ४०
(ख) त्रिकोण गणित (त्रिगोनोमेट्री - - - - - - - - - ४०
(ग) रेखा गणित (जिओमेट्री) - - - - - - - - - २०

१, **विज गणित (Algebra)**

Ratio & Propertion, Laws of Indiees, Simultaneous Quadratic Equatins, Simple Algebraic functions, Binomial Theorem, Legavithms.

2. **त्रिकोण गणित (Trigonometry)**

Measurement of angles, Compound angles, Multiple angles, Submultipldeangles, Properties of triangles, co sine etc. d. c. Movure's theorum.

3. **रेखा गणित (Geometry)**

Plane Geometry the strait line, equations representing a pair of straight lines,

ii **अंक गगित**

मिश्र भिन्न, दशमलव, भिन्न तथा तिनीहरूको रूपान्तर, दशमलव संक्षिप्त क्रिया, वर्गमूल, धनमूल, क्षेत्रफल. वर्ग तथा धन निकाल्ने तरीका, ऐकिक नियम, डवल टेक्स कार्यसम्बन्धी, समय तथा फैसला सम्बन्धी, दौड ओ खेल-सम्बन्धी प्रश्नसमेत त्रैराशिक, बहु राशिक, समानुपाति कामहरूमा विभाजन,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

साझा, औसत, सैकडा प्रति सैकडा, लाभ र हानि, व्याज (साधारण मिटि-काटासहित, तत्काल धन तथा डिस्काउण्ट बट्टा, मिटरी प्रणाली तथा दशमलव सिक्का।

९. अंग्रेजी

(a) Simple Translation from Nepali into English and vice versa — 30
(b) Precis writing & summary writing — 30
(c) Simple Grammar — 20
(d) Offical correspondences ( Simple ) — 20

१०. संस्कृत

(क) संस्कृतबाट नेपाली र नेपालीबाट संस्कृतमा अनुवाद – – ३०
(ख) सरल व्याकरण – – – – – २०
(ग) नेपाली संस्कृत संग्रहबाट प्रश्न के – – – ३०
(घ) कुनै अदृश्य गद्यांशको सरल संस्कृतमा सारांश लेख्ने अथवा पद्यांशको नेपालीमा व्याख्या गर्नु। – – – २०

आज्ञाले–
उदयप्रसाद,
सचिव,
लो. से. आ.

## नेपाल लोकसेवा आयोगको
## विज्ञापन

निम्नलिखित विभाग, अड्डाहरूलाई निम्न लेखिएबमोजिम पदहरू चाहिएकाछन्। योग्य नेपाली उम्मेदवारहरूले यस आयोगको प. स. क. फा. नं. (२०२१)को दरखास्त फाराममा आफ्नो विवरण स्पष्ट भरी, निम्नलिखित दरखास्त तथा अन्तर्वार्ता दस्तुरसहित निम्नलिखित मितिसम्ममा यस आयोगमा आइपुग्ने गरी दरखास्त पठाउन वा बुझाउनु पर्छ। दरखास्त दिंदा आफूले पाएको शुरुदेखिको सक्कल प्रमाणपत्र र मार्कशिटका नक्कलहरू, उमेर खुलेको प्रमाणपत्रको नक्कल एवं नागरिकताको प्रमाणपत्रसमेत सबै सामेल राखी पेश गर्नुपर्छ। पेश गरेका प्रमाणपत्रहरूको सक्कल प्रति अन्तर्वार्ताको दिनमा साथै लिई आउनुपर्छ। योग्य उम्मेदवारहरूले दरखास्त पेश गरी निम्नलिखित मितिमा यस आयोगसंग सम्पर्क नराखेमा परीक्षाको वा अन्तर्वार्ताको निमित्त अर्को सूचना गरिने छैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

दरखास्त म्यादको आखिरी दिनमा धेरै दरखास्त दिनेहरू जम्माभई सबैलाई असुविधा हुने हुँदा समयमा नै दरखास्त पठाउन सूचना गरिन्छ । साधारणतया उम्मेदवारहरूको तोकिएको न्यूनतम योग्यता पुगेको नदेखिएको, रीत नपुगेको, विज्ञापनमा उल्लिखित दस्तूर नभएको र म्याद नाघी दाखिल भएको दरखास्त उपर कुनै विचार हुनेछैन । बहालवाला कर्मचारीहरूले दरखास्त दिंदा लाग्ने दस्तूरसहित विभागीय प्रमुख (विभागीय प्रमुख टाढा भए अड्डा प्रमुख) को सिफारिश पेश गर्नुपर्छ ।

दरखास्त फाराम एक प्रति निमित्त रू. ।५० पचास पैसा मोल तिरी सोझै यस आयोगबाट चाहिएजति झिकाए पनि हुन्छ । दरखास्त फाराम झिकाउँदा चाहिने टिकट खर्च पनि साथै पठाउनुपर्छ ।

सिफारिश हुन छानिएका उम्मेदवारले आफूले पेश गरेको दरखास्त फारामको प्रतिलिपि र प्रेषित प्रमाणपत्रहरूको प्रतिलिपिसमेत यस आयोगमा बुझाउनुपर्नेछ ।

## विज्ञापन नं. ३५

१) पद र स्थानः– श्री ५ को सरकार, वीरगंज अस्पतालको लागि लेडी डाक्टर (गजेटेड तृतीय श्रेणी) (स्वास्थ्य सेवा) जवान १ एक स्थायी तथा पेन्सन पाइने ।

२) आवश्यक न्यूनतम योग्यताः– एम. बी. बी. एस. ।

३) मासिक तलबको स्केलः– रू. ३५०।– देखि ६२५।– सम्म ।

४) महंगी भत्ताः– प्रचलित नेपाल कानूनबमोजिम ।

५) दरखास्त दस्तूरः– नगद रू. ३। तीन रुपैयां ।

६) अन्तर्वार्ता दस्तूरः– नगद रू. १०। दश रुपैयां ।

७) दरखास्त आयोगमा आइपुग्नुपर्ने मितिः– ०२१।८।१०।४ ।

८) सम्पर्क मितिः– ०२१।८।१४।१ का दिन ३ बजे ।

९) उमेरः– उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

१०) स्वास्थ्य परीक्षाः– अन्तर्वार्ताबाट सफल भएका उम्मेरवारको यस आयोगमा रहेको फारामबमोजिम कुनै सरकारी अस्पतालबाट स्वास्थ्यपरीक्षा गराई योग्य देखिएमामात्र सिफारिश गरिने छ । स्वास्थ्यपरिक्षावापत उम्मेदवारले नगद रू १० दश रुपैयां बुझाउनु पर्नेछ ।

## विज्ञापन नं. ३६

१) पद र स्थानः– श्री ५ को सरकार, सि. सि. एफ. अफिस अन्तंगत चौतारा डिभिजन अफिसलाई एफोरेष्टेशन अफिसर गजेटेड तृतीय श्रेणी (वनसेवा) जवान १ एक काम छउञ्जेलको लागि अस्थायी तथा पेन्सन नपाइने ।

२) आवश्यक न्यूनतम योग्यताः– बी. एस. सी. ए. आई. एफ. सी ।

३) वाञ्छनीय योग्यताः– नरसरी बनाउने, बृक्षारोपण गर्ने काममा अनुभव प्राप्त ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४) मासिक तलबको स्केलः– रू. ३५०।– देखि ६२५।– सम्म ।
५) दरखास्त दस्तूरः– नगद रू. ३।– तीन रुपैयां ।
६) अन्तर्वार्ता दस्तूरः–नगद रू. १० दस रुपैयां ।
७) दरखास्त आयोगमा आइपुग्नु पर्ने मितिः– ०२१।८।१०।४ ।
८) सम्पर्कमितिः– ०२१।८।१२।६ का दिन ३ बजे ।
९) उमेरः– उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।
१०) स्वास्थ्यपरीक्षाः- अन्तर्वार्ताबाट सफल भएका उम्मेदवारको यस आयोगमा रहेको फारामबमोजिम कुनै सरकारी अस्पतालबाट स्वास्थ्यपरीक्षा गराई योग्य देखिएमामात्र सिफारिश गरिने छ । स्वास्थ्यपरीक्षाबापत उम्मेदवारले नगद रू.१०।– दश बुझाउनु पर्नेछ ।

## विज्ञापन नं. ३७

१) पद र स्थानः– श्री ५ को सरकार, सडक विभाग अर्न्तगत भैरहवा र वीरगंज सब–डिभिजनको लागि १।१ गरी ननगजेटेडप्रथम श्रेणी, (प्राबिधिक) ओभरसियर जवान २ दुई स्थायी तथा पेन्सन पाइने ।
२) आवश्यक न्यूनतम योग्यताः– सिभिल इञ्जिनियरिगमा डिप्लोमा प्राप्त ।
३) वाञ्छनीय योग्यताः–सडक, पुल सम्बन्धी कामको अनुभवी र प्रयोगात्मक तालिम पाएको ।
४) मासिक तलबको स्केलः- रू. २००। देखि ३७५। सम्म ।
५) महंगी भत्ताः– प्रचलित नेपाल कानूनबमोजिम ।
६) दरखास्त दस्तूरः– नगद रू. १।५० एक रुपैयां पचास पैसा ।
७) अन्तर्वार्ता दस्तूरः– नगद रू.७। सात रुपैयाँ ।
८) दरखास्त आयोगमा आइपुग्नुपर्ने मितिः-०२१।८।६।३
९) सम्पर्क मितिः- ०२१।८।११।५ का दिन ३ बजे ।
१०) उमेरः — उम्मेदवारको उमेर १६ वर्ष पूरा भएको हुनुपर्छ ।

आज्ञाले–
उदयप्रसाद
सचिव
लोकसेवा आयोग ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।